# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३० ] काठमाडौं, जेठ १३ गते २०३७ साल [ संख्या ७

श्री ५ को सरकार

### पर्यटन मन्त्रालयको

### सूचना

ट्राभल र ट्रेकिङ एजेन्सी नियमावली, २०३७

पर्यटन ऐन, २०३५ को दफा ५६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "ट्राभल र ट्रेकिङ एजेन्सी नियमावली, २०३७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "ऐन" भन्नाले पर्यटन ऐन, २०३५ सम्झनुपर्छ ।

(ख) "विभाग" भन्नाले श्री ५ को सरकारको पर्यटन विभाग सम्झनुपर्छ ।

३. ट्राभल वा ट्रेकिङ एजेन्सीको इजाजतपत्र लिन चाहने व्यक्तिले दरखास्त दिनु पर्नेः ट्राभल वा ट्रेकिङ एजेन्सीको इजाजतपत्र लिन चाहने व्यक्तिले नियम ६ मा तोकिएका विवरण-सम्बन्धी कुराहरू खोली अनुसूची–१ बमोजिमको ढाँचामा विभागमा दरखास्त दिनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. इजाजतपत्र दिने: (१) नियम ३ बमोजिम दरखास्त प्राप्त भएपछि विभागले आवश्यक छानवीन गर्दा इजाजतपत्र दिने उपयुक्त ठहराएमा अनुसूची– २ बमोजिमको कबूलियत गराई अनुसूची– ३ बमोजिमको ढाँचामा इजाजतपत्र दिनेछ ।

तर श्री ५ को सरकारले निषेधित भनी घोषित गरेको क्षेत्रको प्रयोगको लागि इजाजतपत्र दिइने छैन ।

(२) उप-नियम (१) बमोजिम इजाजतपत्र प्राप्त गर्ने व्यक्तिले अनुसूची– २ बमोजिमको कबूलियतमा तोकिएका शर्तहरू पालन गर्नु पर्नेछ ।

५. इजाजतपत्रको दस्तूर: ट्राभल एजेन्सीको इजाजतपत्रको लागि पन्ध्रसय रूपैयाँ र ट्रेकिङ एजेन्सीको इजाजतपत्रको लागि एकहजार रूपैयाँ विभागमा बुझाउनु पर्नेछ ।

६. विवरण दाखिला गर्ने: ट्राभल वा ट्रेकिङ एजेन्सीको इजाजतपत्र लिन चाहने व्यक्तिले नियम ३ बमोजिम दरखास्त दिंदा देहायको विवरणहरू खोल्नु पर्नेछ ।

(क) ट्राभल वा ट्रेकिङ एजेन्सीको काम गर्ने व्यक्तिको पूरा नाम र ठेगाना,

(ख) के कति पूंजीको फर्म वा कम्पनी दर्ता गरिएको छ वा गर्ने लक्ष्य राखिएको छ (ट्राभल एजेन्सीको हकमा कम्तीमा पाँचलाख रूपैयाँ र ट्रेकिङ एजेन्सीको हकमा कम्तीमा तीनलाख रूपैयाँको पूंजी भएको कम्पनी वा फर्म दर्ता गराउनु पर्नेछ),

(ग) प्रोप्राइटरी, साझेदारी वा लिमिटेड कम्पनीमध्ये कुनै किसिमको फर्म वा कम्पनी दर्ता गरिएको वा गरिने हो त्यसको विवरण,

(घ) पूंजी वा शेयरको बाँडफाँडको विवरण,

(ङ) सम्बन्धित एजेन्सीको काम गरुन्जेलसम्म विभागको नाममा कायम रहने गरी पचासहजार रूपैयाँ बराबरको बैंक ग्यारेण्टीको व्यवस्था,

(च) पर्यटकहरूलाई दृश्यावलोकन वा ट्रेकिङ गराउने व्यवस्था,

(छ) ट्राभल एजेन्सीको इजाजतपत्र प्राप्त गरेको तीन वर्षभित्र आफूले सेवा उपलब्ध गराइने पर्यटकहरूको अनुमानित संख्या,

(ज) ट्राभल एजेन्सी भए प्रस्तावित कारोवारबाट परिवर्त्य विदेशी मुद्रा आर्जन गर्ने अनुमानित रकम,

(झ) नेपाल अधिराज्यभित्र वा बाहिर शाखाहरू खोल्ने लक्ष्य भए नभएको,

(ञ) कुनै अन्तर्राष्ट्रिय ट्राभल वा ट्रेकिङ एजेन्सीसित वा अरू यस्तै कुनै विदेशी संस्थासंग सम्बद्धता वा सम्पर्क कायम गरिने भएमा त्यस्को विवरण,

(ट) कुनै गैर नेपाली नागरिकतालाई नियुक्ति गरिने भएमा के कति संख्यामा कस्तो किसिमको कामको निमित्त गरिने हो,

१५० (ठ) पूरा समय र आंशिक समय काम गर्ने कर्मचारी ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. ट्राभल तथा ट्रेकिङ एजेन्सीले सूचनापाटी राख्नु पर्नेः ट्राभल र ट्रेकिङ एजेन्सीले अनुसूची–४ बमोजिमको ढाँचामा नेपाली र अंग्रेजी दुवै भाषामा सबैले सजिलोसंग देख्न र पढ्न सक्ने ठाउँमा सूचनापाटी राख्नु पर्नेछ।

८. ट्राभल वा ट्रेकिङ एजेन्सीको मालसामान बेच-बिखन गर्नमा प्रतिबन्धः कुनै ट्राभल वा ट्रेकिङ एजेन्सीले श्री ५ को सरकारबाट परिवर्त्य विदेशी मुद्रा वा अरू कुनै किसिमको सहुलियत पाई खरीद गरेको मालसामानहरू विभागको स्वीकृति नलिई कसैलाई बेच-बिखन गर्न वा दान बकस वा नामसारी गरिदिन पाउने छैन।

९. भरिया र भरियानाइकेलाई दिनु पर्ने पारिश्रमिकको दरः पर्यटकले ट्रेकिङ गर्न जाँदा आफ्नो साथमा लैजाने भरिया वा भरियानाइकेलाई प्रति व्यक्ति प्रति दिन कम्तीमा देहायका दरले पारिश्रमिक दिनु पर्नेछः–

| | पहाडी क्षेत्र | हिमाली क्षेत्र |
|---|---|---|
| (क) भरिया | एक्काइस रूपैयाँ | तीस रूपैयाँ |
| (ख) भरियानाइके | तीस रूपैयाँ | पैंतीस रूपैयाँ |

स्पष्टीकरणः यस नियमको प्रयोजनको लागि ३,७०० मिटर र सोभन्दा माथिलाई हिमाली क्षेत्र र सोभन्दा मुनिलाई पहाडी क्षेत्र मानिनेछ।

१०. भरियाको दुर्घटना बीमा, क्षतिपूर्ति र सुविधाः

(१) पर्यटकले हिमाली क्षेत्रमा ट्रेकिङ गर्न जाँदा आफ्नो साथमा लैजाने भरिया वा भरियानाइकेको एकलाख दुर्घटना बीमा गराई दिनु पर्नेछ। यदि कुनै कारणवस बीमा हुन नसकेको खण्डमा पनि यस्तो भरिया वा भरियानाइकेको दुर्घटना भई मृत्यु भएमा एकलाख क्षतिपूर्ति मृतकको नजीकको नातेदारलाई दिलाई दिने कर्तव्य सम्बन्धित ट्रेकिङ एजेन्सीको हुनेछ।

(२) यदि कुनै भरिया वा भरियानाइके बिरामी परेमा निजको औषधि उपचार गर्ने कर्तव्य सम्बन्धित ट्रेकिङ एजेन्सीको हुनेछ तथा निज यसरी औषधि उपचार गर्दा गर्दै आजीवन काम गर्न नसक्ने गरी असक्त भयो भने पनि निजले क्षतिपूर्तिबापत बीमाको रकम पाउनेछ।

(३) माथि उप-दफा (१) बमोजिम दिएको क्षतिपूर्ति रकम मृतकको नजीकको नातेदारलाई दिने र विभागलाई जानकारी दिने जिम्मेवारी सम्बन्धित पर्यटक-को व्यवस्था मिलाउने ट्रेकिङ एजेन्सीको हुनेछ।

(४) हिमाली क्षेत्रमा पर्यटकको भारी बोकी हिंड्ने भरियालाई कमसेकम एक जोर हिउँमा लाउने जुत्ता, एउटा ज्याकेट वा ऊनको ओड्ने र एक जोर पन्जा पर्यटकले उपलब्ध गराइनु पर्नेछ।

१५९ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) पहाडी क्षेत्रमा पनि पर्यटकको भारी बोकी ८,००० फिटभन्दा माथि जाने भरियालाई पनि कपडाको जुत्ता १ जोर, ओढ्ने रग १ र भरिया बिरामी परेमा औषधि उपचारको खर्च पर्यटकले उपलब्ध गराउनु पर्नेछ ।

११. प्रतिवेदन पेश गर्नु पर्ने: (१) प्रत्येक ट्राभल वा ट्रेकिङ एजेन्सीले आफ्नो कारोवारको विवरण प्रत्येक ६।६ महीनामा विभागसमक्ष पेश गर्नु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिमको प्रतिवेदन अनुसूची– ५ बमोजिमको ढाँचामा पेश गर्नु पर्नेछ ।

१२. अनुमति पाई सञ्चालन भइरहेको ट्राभल वा ट्रेकिङ एजेन्सीले इजाजतपत्र लिनुपर्ने: (१) यो नियमावली प्रारम्भ हुनुअघि विभागबाट अनुमति प्राप्त गरी ट्राभल वा ट्रेकिङ एजेन्सी संचालन गरिरहेका व्यक्तिले यो नियमावली प्रारम्भ भएको मितिले तीन महीनाभित्र यस नियमावलीबमोजिम इजाजतपत्र लिनको निमित्त नियम ६ मा तोकिएका विवरणहरू समेत खोली अनुसूची–१ बमोजिमको ढाँचामा विभागसमक्ष दरखास्त दिनु पर्नेछ । त्यसरी दरखास्त दिने व्यक्तिले दरखास्त दस्तूरबापत दश रूपैयाँ विभागमा बुझाउनु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिमको म्यादभित्र दरखास्त दिने व्यक्तिलाई विभागले यस नियमावलीबमोजिम ट्राभल वा ट्रेकिङ एजेन्सीको इजाजतपत्र प्रदान गर्नेछ । त्यस्तो इजाजतपत्र प्रदान गर्दा यस नियमावलीबमोजिम दस्तूर लाग्ने छैन ।

१३. खारेजी: पर्यटन उद्योग नियमावली, २०२२ को परिच्छेद २ खारेज गरिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची – १

(नियम ३ संग सम्बन्धित)

ट्राभल वा ट्रेकिङ एजेन्सीको निमित्त दिने दरखास्तको ढाँचा

श्री महानिर्देशक,
पर्यटन विभाग,
काठमाडौं ।

महोदय,

मलाई । हामीहरूलाई ट्राभल । ट्रेकिङ एजेन्सीको काम गर्न इच्छा भएकोले पर्यटन ऐन, २०३५ बमोजिम इजाजतपत्र पाउनको लागि देहायका विवरण खुलाई दरखास्त दिएको छु । छौं ।

इजाजतपत्र पाएमा पर्यटन ऐन, २०३५ तथा ट्राभल र ट्रेकिङ एजेन्सी नियमावली, २०३७ को अधीनमा रही सन्तोषपूर्ण तरीकाले पर्यटन र भ्रमणको लागि नेपाल आउने पर्यटकहरूलाई राम्रो सुविधा दिने किसिमसंग काम गर्ने छु । छौं ।

विवरण

१. धनीको नाम........उमेर........ठेगाना.....नागरिकता..........
(हिस्सेदारीमा भए सबै हिस्सेदारहरूको नाम, उमेर, ठेगाना, नागरिकता र निजहरूको भाग हिस्सासमेत खुलाउने ।)
... ... ... ... ... ... ... ... ...
... ... ... ... ... ... ... ... ...

२. एजेन्सीको नाम ... ...

३. कार्यालयको ठेगाना ... ...

४. शाखा कार्यालय खोल्ने भएमा–
(१) नेपाल अधिराज्यभित्र ... ...
(२) नेपाल अधिराज्यबाहिर ... ...

५. पूंजीको विवरण ... ...

६. अन्य प्रचलित कानूनबमोजिमको कुनै कार्यविधि वा रीत पुऱ्याउने भए सोको विवरण...

७. कर्मचारीको व्यवस्था ... ...
(१) पूरा समय काम गर्ने ... ...
(२) आंशिक समय काम गर्ने ... ...
(३) नेपाली नागरिक ... ...
(४) गैर नेपाली नागरिक ... ...
(५) स्तर अनुसारको संख्या ... ...

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१५

८. अन्य व्यवसायिक कारोवारीसंग सम्बन्ध राखिएको भए त्यस्तो कारोवारीको नाम, ठेगाना र सम्बन्धको किसिम ... ...

९. विभागको नाममा पचासहजार रूपैयाँको ग्यारेण्टी दिने बैंकको नाम ... ...

१०. पर्यटकहरुलाई दृश्यावलोकन वा ट्रेकिङ गराउने व्यवस्था र त्यसमा प्रयोग गरिने साधनको विवरण ... ...

११. आगामी तीन वर्षमा दृश्यावलोकन वा ट्रेकिङ गराइने पर्यटकको अनुमानित संख्या–

(१) पहिलो वर्षमा ... ...

(२) दोस्रो वर्षमा ... ...

(३) तेस्रो वर्षमा ... ...

१२. परिवर्त्य विदेशी मुद्राको किसिम र आर्जन गर्ने अनुमानित रकम–

(१) पहिलो वर्षमा ... ...

(२) दोस्रो वर्षमा ... ...

(३) तेस्रो वर्षमा ... ...

१३. प्रासंगिक अन्य कुनै कुरा ... ... ...

मुद्रण विभाग, सिंहदरबार

## अनुसूची–२

(नियम ४ को उप-नियम (१) संग सम्बन्धित)

### ट्राभल वा ट्रेकिङ एजेन्सीको इजाजतपत्र प्राप्त गर्ने व्यक्तिले गर्नु पर्ने कबूलियतनामा

श्री महानिर्देशक,
पर्यटन विभाग,
काठमाडौं ।

महोदय,

मैले । हामीले त्यस विभागमा ट्राभल । ट्रेकिङ ऐजेन्सी सञ्चालन गर्ने मिति. . .मा दरखास्त दिएकोले पर्यटन ऐन, २०३५ र ट्राभल र ट्रेकिङ एजेन्सी नियमावली, २०३७ बमोजिम त्यस विभागबाट इजाजतपत्र प्रदान गरिने भएकोले देहायबमोजिमका शर्तहरूको अधीनमा रही ट्राभल ट्रेकिङ एजेन्सीसम्बन्धी कारोवार गर्नेछु । छौं । देहायका शर्तहरू पालन नगरेमा पर्यटन ऐन, २०३५ तथा अन्य प्रचलित कानूनबमोजिम कारवाई गरिएमा मलाई । हामीलाई मन्जूर छ ।

शर्तहरू

१. ट्राभल । ट्रेकिङ एजेन्सीको इजाजतपत्रमा तोकिएको अवधि पश्चात पनि सोसम्बन्धी व्यवसाय गर्ने भएमा तोकिएको अवधि समाप्त भएको पैंतीस दिनभित्र इजाजतपत्रबापत लाग्ने दस्तूर तिरी नवीकरण गराउने छु । छौं । म्यादभित्र नवीकरण नगराएमा मैले । हामीले प्राप्त गरेको इजाजतपत्र बदर हुने कुरामा मन्जूर छ ।
२. ट्राभल । ट्रेकिङ एजेन्सीको इजाजतपत्र श्री ५ को सरकारले निषेधित भनी घोषित गरेको क्षेत्रबाहेक अन्य क्षेत्रको प्रयोगको लागि मात्र उपयोग गर्ने छु । छौं ।
३. कुनै पनि पर्यटकसंग वा श्री ५ को सरकारसंग वा पर्यटन व्यवसायसित सम्बन्धित कुनै स्वदेशी वा विदेशी व्यवसायी वा संस्थासंग कुनै किसिमको कारोवार गर्दा वास्तविक रूपमा तिर्नु बुझाउनु पर्ने रकम तिर्ने बुझाउने छु । छौं । वा सो सम्बन्धमा कानूनी लिखतद्वारा आवश्यक व्यवस्था मिलाउने छु । छौं । सोबमोजिम विभागलाई मनासिब रूपले चित्त बुझ्दो व्यवस्था गर्न नसकेमा त्यस विभागको नाममा यस एजेन्सीको तर्फबाट राखिएको रू. ५०,०००।– को बैङ्क ग्यारेण्टीबाट त्यस्तो रकम कट्टा गरी लिनमा मन्जूर छ । त्यसरी कटाएको रकम जति पैंतीस दिनभित्र पुनः बैङ्क ग्यारेण्टीमा दाखिला गर्ने छु । छौं ।
४. ट्राभल एजेन्सीको इजाजतपत्र प्राप्त गरेको तीन वर्षभित्र कम्पनीमा १२ सीट भएको एउटा कोचको व्यवस्था गर्ने छु । छौं ।
५. कम्तीमा २४ वर्ग मिटर क्षेत्रफल भएको कार्यालयकोठा सफा र पर्यटकलाई पायक पर्ने ठाउँमा राख्ने छु । छौं ।
६. प्रचलित कानून अनुसार श्री ५ को सरकारलाई तिर्नु पर्ने सबै किसिमका करको रकम कानूनले निर्धारण गरेको अवधिभित्र तिर्ने छु । छौं र कर तिरेको रसीद विभागले खोजेको बखत पेश गर्ने छु । छौं ।

922

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. ट्राभल एजेन्सीको हकमा देहायको अनुभव प्राप्त गरेको कम्तीमा दुइ जना पूरा समय काम-गर्ने नेपाली नागरिक नियुक्त गरेको छु। छौं।

(क) कुनै ट्राभल एजेन्सीमा कम्तीमा पाँच वर्षसम्म कार्यकारी सञ्चालन वा प्रबन्धक भई व्यवस्थापनसम्बन्धी अनुभव प्राप्त गरेको,

(ख) शाही नेपाल वायु सेवा निगम वा अन्य कुनै हवाई सेवामा कम्तीमा पाँच वर्षसम्म अधिकृत स्तरमा रही अन्तर्राष्ट्रिय टिकेटिङसम्बन्धी अनुभव प्राप्त गरेको ।

८. ट्रेकिङ एजेन्सीको हकमा देहायको अनुभव प्राप्त गरेको दुइ जना पूरा समय काम गर्ने नेपाली नागरिक नियुक्ति गरेको छु। छौं।

(क) कुनै ट्रेकिङ एजेन्सीमा कम्तीमा तीन वर्षसम्म काम गरेको वा सरदार भई पदयात्रा वा पर्वतारोहण कार्यमा कम्तीमा तीन वर्ष संलग्न रही अनुभव हासिल गरेको,

(ख) कुनै ट्राभल एजेन्सीमा कम्तीमा पाँच वर्ष अधिकृत स्तरमा काम गरेको व्यक्ति।

९. दफा ७ वा ८ बमोजिम नियुक्त गरिएका व्यक्तिहरूको–

(क) नाम र ठेगाना निम्नबमोजिम छः–

(१) ... ...
(२) ... ...

(ख) निजहरूको योग्यता र अनुभव प्रमाणित गर्ने निम्नलिखित लिखतहरूको प्रतिलिपि संलग्न गरेको छु। छौं।

(१) ... ...
(२) ... ...

सम्बन्धित ट्राभल वा ट्रेकिङ एजेन्सीको
तर्फबाट कबूलियत गर्न अधिकार व्यक्ति।
व्यक्तिहरूको नाम र दस्तखतः
ट्राभल वा ट्रेकिङ एजेन्सीको पूरा
नामः–
ठेगानाः–

मितिः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–३

(नियम ४ को उप-नियम (१) संग सम्बन्धित)

श्री ५ को सरकार

पर्यटन मन्त्रालय

पर्यटन विभाग

मितिः–

इजाजतपत्र

निम्न लेखिएको विवरण भएको श्री ........(धनी वा कम्पनीको नाउँ) लाई मिति........देखि तीन वर्षको अवधिको लागि पर्यटन ऐन, २०३५ र ट्राभल र ट्रेकिङ एजेन्सी नियमावली, २०३७ को अधीनमा रहने गरी यो इजाजतपत्र दिइएको छ।

विवरण

धनी (प्रोप्राइटर वा कम्पनी वा फर्म) को नामः–

ठेगानाः–

ट्राभल । ट्रेकिङ एजेन्सीको नामः–

ट्राभल । ट्रेकिङ एजेन्सीको मूल कार्यालयको ठेगानाः–

महानिर्देशक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–४

(नियम ७ संग सम्बन्धित)

सूचनापाटी

ट्राभल र ट्रेकिङ एजेन्सी नियमावली, २०३७ को नियम ७ बमोजिम यस ट्राभल। ट्रेकिङ एजेन्सीसम्बन्धी देहायका विवरणहरू पर्यटकहरू र अन्य सर्वसाधारणको जानकारीको लागि राखिएको छः–

१. ट्राभल। ट्रेकिङ एजेन्सीको पूरा नामः–

२. ट्राभल। ट्रेकिङ ऐजेन्सीको मूल कार्यालय र शाखा भए शाखाको नाम र ठेगानाः–

३. भ्रमणको प्रबन्ध गर्दा। ट्रेकिङ गराउँदा लिइने दस्तूरको दर :–

४. दृश्यावलोकन गराउँदा लिइने दस्तूर दरः–

५. कार्यालय खुल्ने र बन्द हुने समयः–

६. पर्यटन विभागबाट प्राप्त इजाजतपत्रको नम्बरः–

७. उजूरी बाकस (सो रहेको ठाउँ समेत खुलाउने):–

ट्राभल वा ट्रेकिङ एजेन्सीको तर्फबाट
प्रमाणित गर्ने व्यक्तिको नाम, थर, वतन

मुद्रण विभाग, सिंहदरबार

१५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची– ५

(नियम ११ को उप-नियम (२) संग सम्बन्धित)

आवधिक प्रतिवेदनको ढाँचा

श्री महानिर्देशक,
पर्यटन विभाग,
काठमाडौं ।

महोदय,

ट्राभल र ट्रेकिङ एजेन्सी नियमावली, २०३७ को नियम ११ को उप-नियम (२) अनुसार मिति ...................... देखि ............. सम्मको देहायको विवरणसहित आवधिक प्रतिवेदन पेश गरेको छु। सबै व्यहोरा ठीक साँचो छ।

तपसील

१. नेपाल अधिराज्यमा पर्यटकहरूको लागि भ्रमणको प्रबन्ध गरेको विवरणः–
२. नेपाल अधिराज्यबाहिर भ्रमणको प्रबन्ध गराएको विवरणः–
३. आफूले सेवा उपलब्ध गराएको पर्यटकहरूको नागरिकताबमोजिमको कुल संख्या :–
४. कुन कुन ठाउँमा दृश्यावलोकन गराएकोः–
५. नेपाल अधिराज्यभित्र र बाहिर आफ्नो व्यवसाय सम्बन्धमा प्रचार गराएको विवरणः–
६. कुन कुन होटलमा कति पर्यटकहरूको निमित्त बुक गराएकोः–
७. अन्तर्राष्ट्रिय सभा सम्मेलन आदिमा भाग लिएको विवरणः–
८. विदेशबाट पर्यटन उद्योग विकास गर्नको लागि निम्त्याइएका व्यक्तिहरूको विवरणः–
९. के कस्ता कति पथप्रदर्शक (गाइड) राखिएकोः–
१०. आय व्ययको वार्षिक लेखापरीक्षण भएको प्रतिवेदनको विवरणः–
११. कर्मचारीहरूको संख्याः–

भवदीय,

(ट्राभल वा ट्रेकिङ एजेन्सीको तर्फबाट प्रतिवेदन पेश गर्ने व्यक्तिको दस्तखत)
दस्तखत गर्ने व्यक्तिको पुरा नामः–
त्यस्तो व्यक्तिको दर्जाः–

आज्ञाले–
अच्युतबहादुर राजभण्डारी
श्री ५ को सरकारको सचिव

१२६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

९५०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।